# श्रमिकहरुको साधरण कर्तव्यहरुको निरीक्षण तालिका

तल दिइएको तालिकाले श्रमिकहरुलाइ आफूले सामान्य कर्तब्यहरुको प्रबन्धको पालना गरेको या नगरेको निर्धारण गर्न मदत पु-याउन सक्दछ तर, यो औंल्याइएको निरिक्षण तालिका कुनै पनि हालतमा अन्तिम नभइ, यस तालिकाले सबै अवस्थाहरुलाइ आवरण गर्दैन । साथै, यस तालिकालाइ कानुनी आवश्यक्ताको अनुवाद भनेर लिइनु हुदैन ।





- के तपाइलाइ तपाइको कम्पनीको सुरक्षा नीति तथा सुरक्षा संस्था बारे ज्ञान छ ?
- के तपाइले काममा हुने (उपकरण सम्बन्धि) सुरक्षा प्रचार प्रसार कृयाकलापमा भाग लिनु भएको छ ?




- के तपाइले तपाइको नियोजक तथा अन्य ब्यक्तिहरुलाइ सुरक्षा र स्वास्थ्य कानुनको माग अनुसार सहयोग पु-याउनु भएको छ ?



- के तपाइ नयां श्रमिकको लागि एउटा राम्रो नमूनाको रुपमा कार्यरत हुनुहुन्छ ? साथै, तपाइले ती सहकर्मीहरुलाइ पनि सुरक्षित ढंगले काम गर्ने तरिका अपनाउनु भनेर उत्साहित गर्नु भएको छ ?



- के तपाईले काम गर्ने स्थलमा भएका खतराहरुलाइ पत्ता लगाउने किसिमको प्रेरणात्मक प्रयास गर्नुभएको छ ?
- तपाइले तपाइको प्रबन्धकलाइ कुनै किसिमको असुरक्षित अवस्थाको बारेमा रिपोर्ट गर्नु भएको छ ? साथै, त्यस अनुरुप, कुनै सुधारमूलक बिधिको सुझाव दिनुभएको छ ?



- के तपाइले 'काम गर्ने अनुमति' जस्ता सुरक्षा नितिहरुको पालना गर्नुभएको छ ?




- प्रबन्धकको हैसियतले, तपाइले कामसंग सम्बन्ध खतराहरु बुझ्नु भएको छ ? साथै, श्रमिकहरुलाइ सुरक्षित काम गर्ने बिधि, अपनाउनु भनेर निरीक्षण गर्नुहुन्छ ?

अन्य जानकारी लेबर डिर्पाटमेन्टको (श्रम बिभाग) पेशागत सुरक्षा तथा स्वस्थ्य शाखाबाट उपलब्ध गर्न सकिन्छ । आवश्यक भएमा कृपया हामीलाइ सम्पर्क राख्नुहोला ।



## सोधपूछ

**परामर्श समिति, पेशागत सुरक्षा तथा स्वास्थ्य शाखा, लेबर डिपार्टमेन्ट (श्रम बिभाग)**

टेलिफोन : २५५९ २२९७

फयाक्स : २९१५ १४१०

इ-मेल : enquiry@labour.gov.hk


पेशागत सुरक्षा तथा स्वास्थ्य परिषदबाट दिएका सेवाहरु सम्बन्धि जानकारी हटलाइन २७३९ ९००० मार्फत हासिल गर्न सकिन्छ ।

Printed by the Government Logistics Department

01/04-1-L15c

# औद्योगिक/व्यावसायिक सुरक्षा

## (श्रमिकहरुको साधरण कर्तव्यहरु)




Occupational Safety and Health Branch
Labour Department

Occupational Safety & Health Council

## भूमिका

काममा सुरक्षा तथा स्वास्थ्य उन्नतिको निम्ति मालिकहरु तथा काममा लगाइएका व्यक्तिहरु बिचको सहकारिता आवश्यक छ । कारखाना तथा औद्योगिक परिचालन बिधान १९८९ ले (संशोधित) काममा अपनाउन पर्ने सुरक्षा तथा स्वास्थ्य सम्बन्धि मालिकहरु र कामदारहरुलाइ साधरण कर्तव्यहरु पालना गर्न बाध्य बनाएको छ । श्रमिकहरुले सामान्य कर्तव्य प्रबन्धहरु बुझ्न सकुन भन्ने उदेश्यले यो सुझाव तयार पारिएको हो ।

सामान्य कर्तव्य प्रबन्धहरु धेरै प्रयोगहरु भएका व्यापक प्रबन्धहरु हुन । अन्य सुरक्षा तथा स्वास्थ्य आवश्यकताका बिधानहरु जसमा प्राबिधिक बिवरण समेटी शर्तहरु राखिएका हुन्छन, त्यसको बिपरित, सामान्य कर्तव्य प्रबन्धहरुले कामको अवधिमा, मालिकहरु साथै श्रमिकहरुको आफनो र अरुको सुरक्षा र स्वास्थ्य सुरक्षित होस भन्ने कर्तव्यहरुलाइ अभिव्यक्त गर्दछ ।



## श्रमिकहरुको साधरण कर्तव्यहरु

औद्योगिक क्षेत्रमा कार्यरत श्रमिकहरुले अपनाउने पर्ने कर्तव्यहरु यस प्रकार छन -

(क) काममा अरु र आफनो सुरक्षाको निम्ति उचित तथा सचेत उपायहरु अपनाउनु होस । आफनो र अरुको सुरक्षा र स्वास्थ्य खतरा हुने कार्य गर्नु हुदैन । साथै काममा भएका खतराहरुलाइ पहिल्याउने किसिमको सकरात्मक कदम चाली सुरक्षा बिधानको पालना गर्नु आवश्यक छ ।

(ख) साधरण कर्तव्य अपनाउनको लागि कानुनी कर्तव्य पालन गर्न, आफू तथा अन्य श्रमिकहरुको सुरक्षाको निम्ति, मालिक तथा अरु व्यक्तिहरु जसले यी कर्तव्यहरु पालना गर्न आग्रह गर्दछ, उनीहरुलाइ सहयोग गर्नुहोला ।


## अपराधहरु तथा सजायंहरु

(क) जुन व्यक्तिले साधरण कर्तव्य बिधानहरुको उलङ्घन गर्दछ, त्यस व्यक्ति अपराधिक कार्यमा सम्लग्न भएको बुझिने हुंदा, अपराध ठहर भएपछि हङ्कङ्ग डलर २५, ००० - जरिवानाको भागी हुनेछ ।


(ख) काममा लगाइएको व्यक्तिले कुनै पनि उचित कारणहरु बिना आफू साथै अरुलाइ खतरामा पार्ने काम गर्दछ भने, उसलाइ हङ्कङ्ग डलर ५०, ००० - साथै बढीमा ६ महिना कैद सजायं हुने कानुनी व्यवस्था छ ।

## श्रमिकहरुको साधरण कर्तव्यहरुको निरिक्षण तालिका

तल दिइएको निरिक्षण तालिकाले श्रमिकमरुलाइ आफूले सामान्य कर्तव्यहरुको प्रबन्धको पालना गरेको या नगरेको निर्धारण गर्न मदत पु-याउन सक्दछ । तर, यो औल्याइएको निरिक्षण तालिका कुनै पनि किसिमले अन्तिम नभइ, यस तालिकाले सबै अवस्थाहरुलाइ आवरण गर्दैन । साथै, यस तालिकालाइ कानुनी आवश्यकताको अनुबाद भनेर लिइनु हुदैन ।



- के यहां तपाइले आफनु सुरक्षा र स्वास्थ्यको साथै तपाइले गर्नुभएको कार्यले तपाइलाइ या अरुलाइ बाधा पु-याइरहेको छ कि भन्ने कुरालाइ ध्यान दिनुभएको छ ?




- के तपाइले मर्मत, स्याहार-सम्भार तथा सरसफाइ गर्दा उचित उपाय अपनाउनु भएको छ ?




- के तपाइले सुरक्षित संचालन सम्बन्धि उचित तालिम लिनुभएको छ ? तपाइले आवश्यक सुरक्षित जानकारीहरु लिनु भएको छ ?




- कतै तपाइले सुरक्षा रक्षकहरु तथा उपकरणहरुको गलत स्थमाल त गर्नुभएको छैन ?




- तपाइले कामको लागि जुटयाइएको उपकरणहरु प्रयोग गर्नुहुन्छ वा गलत काम गर्ने बिधि अपनाइ अनावश्यक जोखिम उठाउनुहुन्छ ?




- के तपाइको काम गर्दा लगाइने कपडा कामको लागि उपयुक्त छ ?
- तपाइलाइ व्यक्तिगत सुरक्षाको साधनहरु कसरी उपयोग र संरक्षण गर्ने भनेर जानकारी छ ?

**औद्योगिक व्यावसायिक सुरक्षाको संशोधनपत्र**
**(नियुक्त गरिएका व्यक्तिको सामान्य कर्तव्यहरु)**
**(वर्ष 2010 संस्करण) (18 अगस्ट 2023)**

| विषयवस्तु | पृष्ठ | हालको संस्करण | संशोधन |
|---|---|---|---|
| 1 | 2 | *अपराधहरू तथा सजायहरू*<br><br>(क) जुन व्यक्तिले साधारण कर्तव्य बिधानहरूको उल्लङ्घन गर्दछ, त्यस व्यक्ति अपराधिक कर्यम सम्लग्न भएको बुझिने हुँदा, अपराध ठहर भएपछि हंगकंग डलर $25,000 – जरिवानाको भागी हुनेछ ।<br>(ख) काममा लगाइएको व्यक्तिले कुनै पनि उचित कराऩ्हारू बिना आफू साथै अरुलाई खतरामा पर्ने काम गर्दछ भने, उसलाइ हङ्गकङ्ग डलर $50,000 – साथै बढीमा 6 महिना कैद सजाय हुने कानुनी व्यवस्था छ। | *अपराध तथा जरिवाना*<br><br>(क) नियुक्त गरिएको कुनै व्यक्तिले सामान्य कर्तव्य प्रावधानको उल्लङ्घन गर्दा अपराध गरेको मानिन्छ र दोषी ठहर हुँदा $150,000 जरिवाना तिर्नु पर्छ।<br><br>(ख) नियुक्त गरिएको कुनै व्यक्तिले जानीजानी र बिना कुनै उचित कारण आफूलाई वा अन्य व्यक्तिलाई जोखिममा पार्ने काम गर्दा अपराध गरेको मानिन्छ र दोषी ठहर हुँदा $150,000 जरिवाना तिर्नुपर्छ र 6 महिनाको जेल सजाय समेत हुन्छ। |

**- समाप्त –**